ॐ

सन्ध्योपासना विधि



वैदिक गायत्री माता

सम्पादक

कृष्ण प्रसाद खनाल

प्रकाशक

धर्म संस्कृति संरक्षण तथा वातावरण सुधार परिषद्

केन्द्रीय कार्यालय ललितपुर

नेपाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ॐ

सन्ध्योपासना विधि

सम्पादक

पं कृष्णप्रसाद खनाल फोन ६३१०६०४

प्रकाशक

धर्म संस्कृति संरक्षण तथा वातावरण सुधार परिषद्

केन्द्रीय कार्यालय ललितपुर

तुइलाको वडा नं. ११

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रकाशक :

धर्मसंस्कृति संरक्षण तथा वातावरण सुधार परिषद्
ललितपुर वडा नं. ११

कम्प्यूटर :

टप डेस्कटप पब्लिसर्स
चाँगल, ललितपुर-२१

मुद्रक:

अल प्रिन्टिङ्ग प्रेस
लगनखेल (साझा भित्र)
फोनः ५२६५१३/५४१२१६
५४०५३७ (प्रेस)

(सर्वाधिकार सुरक्षित)

विक्रम संम्बत २०५६ साल
श्री कृष्णाष्टमी
पहिलो संस्करण २००० प्रति
मूल्य रु. २५/- मात्र त्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

समर्पण

त्वदीयं वस्तु गोविन्द
तुभ्यमेव समर्पये

-परिषद् परिवार

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रस्तावना

समाजमा आदिकाल देखि सन्ध्योपासना गर्ने र गराउने प्रचलन रही आएको छ। हाम्रा पूर्वज ऋषि-मुनि गुरु पुरोहित आदिले त्यसको महत्त्वबोध गराई शिक्षा दिई आएको र दैनिक अभ्यासको रूपमा गायत्रीमन्त्र-जपसमेतको चर्चा चलाई आध्यात्मिक विधिले उपासना गरी-गराई आएको सर्व-विदितै छ। आज-भोलि सबै भौतिकवादतिर मात्र बढी उन्मुख हुँदा नीति, नियम, न्याय, सदगुण र सद्व्यवहार आदि नैतिक कुराहरू सबै हराउने त होइन भन्ने शङ्का उठ्न थालेको छ। वेद, पुराण आदि विविध शास्त्रमा वर्णित कर्म मात्र होइन। द्विजातिमात्रले गरी आएको उपनयन कर्म गर्दा सुनाइने वेदमाता गायत्रीमन्त्रको उपासनासम्म पनि विधिपूर्वक नगर्ने हो भने केही वर्षपछि हाम्रो रीतिरिवाज, धर्म, संस्कृति भन्ने कुरा दन्त्यकथामा परिणत हुन के बेर ! त्यसैले यो **सन्ध्योपासना-विधि**को प्रकाशन गर्ने प्रयास गरेका छौं।

गुरुकुल-वासको परम्परा हटाउनु नै आज धर्मसंस्कृतिको विकृत रूपरेखा कोर्नु सावित भएको छ। अधकल्चो उमेरको भोको पेटमा गायत्रीमन्त्र सुनाई कसैलाई नभन्नू भनिन्छ। ठीक छ–छैन बिचारी आवश्यक प्रशिक्षण दिने व्यवस्था नहुँदा कुनै अक्षर छुटेको वा अपभ्रष्ट हुँदै आएको र विधि नपुगेको सम्म पनि थाहा पाउन सकिएन। विधिविना कर्मले फल दिँदैन। फलविना कर्ममा मानिसलाई श्रद्धा, विश्वास हुँदैन। फलस्वरूप व्रतवन्ध गरेको केही दिनमै जनै फ्याँक्ने, जप गर्न छाड्ने गरेको देखिन थाल्यो। तसर्थ समयानुकूल केही सुधार गर्नु वाञ्छनीय छ।

गायत्रीमन्त्र वेदमन्त्र हो तापनि पुराणहरूमा यसको विधिविधान र महत्वको उल्लेख भएको पाइन्छ। पुराणहरूमा पनि **देवीभागवत**मा विशेष उल्लेख भएकोले अव उप्रान्त नवाह विधिले **देवीभागवत**को पारायण गराउने क्रममा पूर्वाङ्ग वा अघिल्लो दिनमा व्रतबन्ध गराई नित्य गायत्रीमन्त्र-जपको प्रशिक्षण दिने र समाप्तिपछि यो पुस्तिका हेरी गर्नू भनिदिएमा श्रद्धालुलाई केही सजिलो होला कि भनी यो प्रकाशन प्रस्तुत गर्ने जमर्को गरिएको छ। त्रुटि देखिएमा विद्वद्वर्गवाट आएका उपयुक्त सुझावअनुसार अर्को संस्करणमा सुधार हुनेछ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२०५५ साल चैत्र ११ गते रामनवमीमा मृगस्थलीमा आयोजित विद्वद्गोष्ठीले यो **सन्ध्योपासना-विधि** राम्रो मानेर प्रकाशनयोग्य भनी सहमति जनाउनुभएकोमा अनन्तश्रीविभूषित श्री १०८ योगी नरहरिनाथज्यूमा र विद्वद् गोष्ठीमा भाग लिनुहुने सबै विद्वान्हरूमा कृतज्ञता-ज्ञापन गर्दछौं ।

साथै विशेष सहयोगी श्री रामप्रसाद घिमिरे, श्री कृष्ण काश्यप, श्री अर्कप्रसाद पुरी 'सुहृत्' तथा श्री राजु शाक्य प्रति पनि आभारी छौं ।

अन्तमा सम्पादनकार्यमा विशेष योगदान दिनुहने प्रा. श्री कुमारधर शर्मा 'ज्ञानी' लाई पनि धन्य नभनी रहन सक्दैनौं ।

पुनश्च–

यस पवित्र कार्यमा सहभागी भएबापत मलाई व्यक्तिगत रूपमा मलाई केही पुण्यप्राप्ति भएको छ भने त्यसको फल गायत्र्युपासनाको प्रभावद्वारा आफ्नो संसारयात्राको अन्तिम क्षणको पूर्वदर्शन गर्ने क्षमता प्राप्त गर्न सफल हुनुभएका मेरा दिवङ्गत पूज्यपाद पिता श्रीचन्द्रकान्त खनालमा श्रद्धापूर्वक समर्पण गर्दछु ।

कृष्णप्रसाद खनाल
अध्यक्ष

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रकाशकको कथन

यस परिषद्बाट सन्ध्योपासना विधि-पुस्तक प्रकाशन गर्न पाउनु खुसीको कुरा हो ।

हाम्रो धर्म संस्कृतिमा "आदि - मध्य - पर्यवसान" – तिनै काल कल्याण कामना गरी गरिने उपासना कर्मलाई औधी महत्व दिई राखेको छ ।

प्रायशः पूजामा सुर्यदेवलाई सर्वप्रथम पूजार्चना गर्ने चलन छ । सन्ध्योपासना विधिमा पनि साक्ष्य रुपमा सूर्यदेवलाई पूजा गर्नु वाञ्छनिय छ। अतः सो सम्वन्धी पूजा विधिको क्रम यस पुस्तकमा पछिल्लो प्रसंगमा रहन गएकोले सन्ध्याको विधिक्रममा तदनुसार पूजा गर्नु पर्छ ।

किन्तु गायत्रीका उपासक - उपासिकाहरुले गुरुको मुखार्विन्दबाट मन्त्र श्रवण गर्ने, धारण गर्ने र मनमनै स्मरण गरी जप्ने कार्य मन्त्राधिकारी सबैले अद्यावधिक गर्दै आई रहेको हाम्रो संस्कृति कै द्योतक हो । यसर्थ पुस्तक मा लेखिएको छ भन्दैमा, पढ्न पाईदैमा सो परम्परालाई छोडेको कसैबाट छैन । यो एक धर्मानुशासन पनि हो ।

अतः मन्त्र सिद्धि - निमित्त गुरु परम्परालाई कायम राख्नुमा हाम्रो संस्कृति लाई नै गौरवान्वित पार्ने हुन्छ, यो कुरा हामी कहिल्यै नभुलौं ।

एतदर्थ यो पुस्तक उपासनाकर्मी सबैको घरघरमा रहोस् र यस कार्यबाट सबैलाई पुण्य मिलोस् भन्ने मनसायले परिमार्जित रुपमा संपादन भई तयार भएको प्रस्तुत पुस्तकको प्रकाशन् गर्ने काम यस परिषद्बाट गरिएको हो ।

जसको निमित्त यस परिषद्का अध्यक्ष तथा संपादक पं. श्रीकृष्ण प्रसाद ख़नाल धन्यवादको पात्र हुनुहुन्छ ।

साथै प्राक्कथन लेखी प्रुफ समेत हेरी सहयोग गर्नु हुने विशिष्ट विद्वान श्री कुमारधर शर्मा प्रति विशेष आभार व्यक्त गर्दै,

कम्प्यूटर गर्ने र मुद्रण कार्यका सहयोगी वन्धु तथा व्यवस्थापक श्री

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गोपालमान जोशी - अल प्रिन्टिङ्ग प्रेसलाई र पुस्तक प्रकाशनमा अथक परिश्रम गर्ने सबै महानुभावहरुमा हार्दिक साधुवाद छ ।

"भवतु सर्व मंगलम" । अस्तु ।

राजु शाक्य
महासचिव
धर्म संस्कृति संरक्षण तथा
वातावरण सुधार परिषद्
के. का. ललितपुर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्राक्कथन

जुनसुकै कर्म गर्दा पनि त्यस कर्ममा आस्था, विश्वास, श्रद्धा र समर्पणभाव हुनु नितान्त आवश्यक छ। कृतज्ञताको अभावमा यी कुनै कुरा पनि साधकमा हुनु शशविषाण झैं असम्भव हुन जान्छ। स्वकल्याण वा आत्मकल्याण तथा परिवार-कल्याण, राष्ट्रकल्याण, मानव-कल्याण, चराचर-जगत् विश्वब्रह्माण्डको कल्याण आदि सबै कल्याणकार्यको सुसम्पादनको लागि यी चारै भाव कर्तामा, साधकमा, नेतामा, नियन्तामा, आचार्यमा, पथ-प्रदर्शकमा, विद्यार्थीमा, शिष्यमा र जिज्ञासुमा हुनु दूधमा जलतत्त्व हुनुजत्तिकै वाञ्छनीय हुन आउँछ। जलतत्त्वको अभावमा आत्मत्यागरूप सद्भावद्वारा पुटित त्यस वात्सल्य-स्नेहरसयुक्त सुधाको पान असम्भव हुन जान्छ।

हामी आफूलाई यथार्थ रूपमा चिन्न असमर्थ भयौं भने हामीमा आस्था, विश्वास, श्रद्धा र समर्पणभावको उदय हुनै सक्दैन। त्यसैले नै हाम्रा आर्य ऋषिगणले सबैलाई **आत्मा वा अरे द्रष्टव्यः श्रोतव्यो मन्तव्यो निदिध्यासितव्यः** (आत्मा दर्शनीय, श्रवणीय, मननीय र चिन्तनीय हुन्छ) भनी शिक्षा दिने गरेका हुन्। आत्मा (आफू) भन्ने भावलाई हामी आकाशभन्दा पनि व्यापक बनाउन सक्छौं। जति सङ्कुचित हुन्छौं उति नै हाम्रो कल्याण पनि सङ्कुचित हुन पुग्छ। परमा स्वलाई समाहित गर्न सक्नु नै यथार्थमा व्यापक हुनु हो। यसै व्यापकतामा श्रेय निर्भर हुन्छ। श्रेयःप्राप्तिपछि प्रेयको चिन्ता स्वतः हट्छ। *अर्काको दुःख हटाउन मानवजाति लागोस् त कसैलाई दुःखको अनुभव गर्नुपर्ने स्थिति कहिल्यै आइलाग्दैन। आज प्रत्येक मानव आफ्नो सुख, सङ्कुचित, सङ्कुचिततर वा सङ्कुचिततम स्वार्थको लागि नै काम गरिरहेछ, त्यसैले सर्वत्र दुःखको साम्राज्य छ।* भगवान् व्यासले अठार पुराणमा केवल दुई कुरा भन्नुभएको छ - परोपकार पुण्यको लागि हो भने परपीडन (स्वार्थसिद्धिको लागि अरूलाई दुःख दिनु) पापको लागि हो। **परोपकारः पुण्याय पापाय परपीडनम्।** विवेक-बुद्धिका मालिक मान्छेहरू मान्छेलाई नै पीडा दिने काम गरिरहेछन् - कति ठूलो आश्चर्यमय विडम्वना! त्यसैले त आज हामी मान्छेहरूलाई स्वधर्मबाट च्युत हुनुपर्ने अवस्था

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आइलाग्यो । तर हामीलाई स्वधर्मबाट च्युत भएको अनुभूतिसम्म पनि भइरहेको छैन, किन ? यस विषयमा लेख्न थाल्ने हो भने धेरै गुनासो पोख्नुपर्ने हुन्छ र एक-दुईओटा बृहद् ग्रन्थ नै लेखिन पुग्ला ।

गुनासाहरू आफ्नै स्थानमा छन् , तर हामीले हाम्रा कर्मप्रति अनास्था, अविश्वास, अश्रद्धा र स्वार्थपरायणताकै मात्रामा मात्र वृद्धि गर्दै जाने हो भने यसको अन्तिम परिणामको रूपमा हामीलाई हातलागी हुने एकमात्र कुरो हुनेछ - आफैप्रति अनास्था, अविश्वास, अश्रद्धा र अकर्मण्यता । त्यसैले धनको दास हुने संस्कारहरुको परित्याग गरेर मानस संस्कार - सुसंस्कार जगाउने भावनाप्रधान सुसङ्कल्प - शिवसङ्कल्पयुक्त संस्कारहरुलाई साधना - उपासनाद्वारा निरन्तर जगाउन हामी प्रयत्नशील रहनुपर्छ । हाम्रा नित्यकर्म यस्तै शिवसङ्कल्पयुक्त सत्कर्म हुन् । सकिएन भनी यिनलाई त्याग्दै जानुको सट्टा कसरी हामी सबै मिलेर यी सत्कर्म सहज र नैसर्गिक रूपमा गर्न सकिने वातावरण तैयार गर्ने हो सोच्नुपर्‍यो, कम्मर कसेर लाग्नुपर्‍यो । स्नानकर्म, सन्ध्योपासना आदि नित्य कर्म त्याज्य होइनन् ग्राह्य - ग्रहणयोग्य कर्म हुन् , तर *हामी आज ग्रहणयोग्य सत्कर्मको परित्याग गरी आध्यात्मिकताका सद्गुण त्याग्दै भौतिकताका अनैतिक भोग-विलास जस्ता गर्ह्य–त्याज्य अवगुणतिर आँखा चिम्लेर कुदिरहेका छौं ।*

स्नानादि कर्म नगर्नुलाई अथवा टेरपुच्छरै नलाउनुलाई अथवा यस्तो स्थिति वा वातावरण कायम रहिरहनु वा विकसित हुँदै जानुलाई हामी हाइसन्चो वा सौभाग्य मान्छौं भने त्यो द्विजातिको लागि मात्र होइन संस्कार हीन शूद्र जातिको लागि समेत ठूलो दुर्भाग्य साबित हुनेछ । अतः यस्ता कर्महरुका पद्धतिहरू सर्वसुलभ होउन् भन्ने दृष्टिले यस्ता सत्कर्म-पद्धतिहरू प्रकाशित हुनु खुशीको कुरो हो । यसको समुचित उपयोग गर्‍यौं भने अवश्य परिणाम सत्फलदायी हुने विश्वास गर्न सक्छौं, तर मनमा पूर्ण आस्था, विश्वास, श्रद्धा र समर्पणभाव भने हुनैपर्छ । **आत्मनस्तु कामाय सर्वं प्रियं भवति ।** कम-से-कम आफ्नै लागि भए पनि यो सबैको लागि प्रिय हुनुपर्‍यो, अनि त्यो आफू असीम विस्तार प्राप्त गर्न समर्थ हुनुपर्‍यो ।

यस पुनीत कार्यमा आफू पनि सहभागी हुन पाएकोमा मैले आफूलाई सौभाग्यशाली मानेको छु । यस परिषद्‌बाट यस्ता अन्य कार्य पनि हुँदै जाउन् ,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मानवमात्रको-प्राणिमात्रको निःश्रेयससिद्धि हुँदै जाओस् र यथार्थ अभ्युदयका तगारा हट्दै जाउन् श्रीपरमात्मासित-अंशीसित म अंशको यही प्रार्थना छ र सबै परमात्मरूपहरूको निरन्तर सौभाग्यवृद्धि भइरहोस् भन्ने मङ्गल कामना गर्दछु । **त्वदीयं वस्तु गोविन्द तुभ्यमेव समर्पये। शिवसङ्कल्पमस्तु। यच्छ्रेयस्तदस्तु। त्वं गतिः परमेश्वरः ।**

अन्तमा–

यस पुण्यकार्यबाट मलाई केही पुण्यप्राप्ति भएको छ भने त्यो पुण्य मेरा क्रोधजयी शान्तात्मा पितामह श्रीप्रयागधर शर्मा र निःस्वार्थ रूपमा कर्मनिष्ठ रहन निरन्तर प्रेरित गरिरहनुहुने पूज्यचरण पिता श्रीचक्रधर शर्मा आदि दिवङ्गत पूर्वजहरुमा तथा मलाई देववाणीको अध्ययन गर्न निरन्तर प्रेरित गर्ने प्रेरक व्यक्ति पूज्यपाद गुरु श्रीनयराज पन्तमा समग्रतः सश्रद्ध समर्पण गर्दछु ।

कुमारधर शर्मा 'ज्ञानी'
सम्पादक

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीः

श्रीगणेशाय नमः

अथ सन्ध्योपासनाविधिः ॥

सन्ध्योपासना भनेको के हो ?

सन्ध्येति प्राणायामादिकर्मनाम । तदुपासनं सेवनमनुष्ठानमिति यावत् । आचारात् सेवत इत्यादौ दर्शनात् अतएव सन्ध्याकृता सन्ध्योपासितेति तुल्यवत्प्रयोगः ।

- आचारादर्श (सत्कर्मरत्नावलिः पृ. ३१०)

अथ 'ब्रह्मणोपासिता सन्ध्या विष्णुना शङ्करेण च । कस्तां नोपासयेद् देवीं सिद्धिकामो द्विजोत्तमः' ॥ इति योगियाज्ञवल्क्येन देवीत्वेन प्रतिपादनात् सन्ध्यारूपाया देवतायाः प्रागुक्तप्राणायामादिनोपासनमनुष्ठानं सन्ध्योपासनमित्यर्थः ॥

- सत्कर्मरत्नावलिः, पृ. ३११

या सन्ध्या सैव गायत्री

- देवीभागवत ११ । १७ । १०

या सन्ध्या सैव गायत्री

- गृह्यसूत्रावली

या सन्ध्या सा तु गायत्री

- वृहद्योगियाज्ञवल्क्यस्मृतिः ६ । १०

सर्ववेदसारभूता गायत्र्यास्तु समर्चना ॥
ब्रह्मादयोऽपि सन्ध्यायां तां ध्यायन्ति जपन्ति च ।

- देवीभागवत ११ । १६ । १५ - १६

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यावन्तश्च पृथिव्यां हि चीर्णवेदव्रता द्विजाः ।
आचीर्णव्रतवेदा वा विकर्मपथमाश्रिताः ॥
तेषां हि पावनार्थाय गायत्री नित्यमेव हि ॥

- अग्निपुराण

सायं प्रातश्च सन्ध्यां यो व्रह्मणोऽभ्युपसेवते ।
प्रजपन् पावनीं देवीं गायत्रीं वेदमातरम् ॥
स तया पावितो देव्या ब्राह्मणो नष्टकिल्विषः ।
न सीदेत् प्रतिगृह्णानो महीमपि ससागराम् ॥

- महाभारत, वनपर्व २००/८३–८४

सन्ध्या + उपासना = सन्ध्योपासना

सन्ध्यासमयमा गरिने उपासनादि कर्म सन्ध्योपासना हो । तसर्थ सन्ध्याकालमा गरिने पवित्रीकरण, आचमन, शिखावन्धन, प्राणायाम, न्यास, सूर्यार्घ्यदान, गायत्रीजप आदि कर्म विधिपूर्वक गर्नुलाई नै सन्ध्योपासना भन्दछन् ।

गृहस्थको निमित्त शास्त्रोक्त नित्य, नैमित्तिक र काम्य आदि धेरै कर्मको विधान पाइन्छ। कदाचित् अरू कर्म गर्न नसके पनि गायत्रीवाट धर्म, अर्थ, काम, मोक्ष आदि चारै वर्ग वा पुरुषार्थ प्राप्त गर्न सकिन्छ । वुझेर जानेर गरिएको कर्मद्वारा मात्र पूर्ण फल प्राप्त हुन्छ, त्यसैले गायत्रीवारे सवै कुरा जान्नु आवश्यक हुन्छ र गायत्री शब्दको अर्थ पनि वुझ्नुपर्छ ।

'गै शब्दे' धातुवाट 'शतृ' प्रत्यय गर्नाले 'गायत्' शब्द बन्छ । 'त्रैङ् पालने' धातुसँग सम्वन्ध जोड्दा स्त्रीप्रत्ययान्त 'गायत्री' शब्द वन्छ ।

सा हैषा गयांतत्रे । प्राणा वै गयास्त प्राणास्तत्रे तद्गयास्तत्रे तस्माद् गायत्री नाम ।

- शतपथव्राह्मण १४ । ८ । १५ । ७

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्राणलाई (गय) पनि भन्दछन् । गय(प्राण)को रक्षा गर्ने हुनाले 'गायत्री' भनेको हो ।

- - *वृहद्धारण्यकोपनिषत् ५/१४/*

गायत्री गायतेः स्तुतिकर्मणः ।

- *निरुक्त ७।१२।५*

गायन्तं त्रायते इति गायत्री ।

गायन (जप) गर्नेको रक्षा गर्ने हुनाले (यो मन्त्र) गायत्री हो ।

गायत्रीको उत्पत्ति कसरी भयो ?

यस विषयमा मुनि याज्ञवल्क्यद्वारा स्वयम्भूसँग गरिएको प्रश्नको चर्चा उल्लेखनीय छ । यसमा ब्रह्मज्ञानको उत्पत्ति र प्रकृतिको आदि-कारणबारे ब्याख्या गरिएको छ ।

स्वयम्भू को हो ?

पुराण-पुरुषलाई नै स्वयम्भू भन्दछन् । उनै स्वयम्भूले आफ्ना औंलाहरूको मन्थन गर्नुभयो र जलको उत्पत्ति भयो । जलबाट फींज, फींजबाट बुद्बुद, बुद्बुदबाट अण्डा, अण्डाबाट ब्रह्मा, ब्रह्माबाट आकाश, आकाशबाट वायु , वायुबाट अग्नि, अग्निबाट ॐकार, ॐकारबाट व्याहृति, व्याहृतिबाट गायत्री, गायत्रीबाट सावित्री, सावित्रीबाट सरस्वती, सरस्वतीबाट वेद, वेदबाट सबै लोक र अन्तमा सबै प्राणीहरू उत्पन्न भए । यसभित्र गायत्रीको उत्पत्ति पर्न आएको छ ।

स्वयम्भू भन्नुहुन्छ- गायत्रीको साङ्ख्यायन गोत्र हो । यिनका चार पाद र तीन पाद मानिन्छन् । यिनका पाँच शिर र छ कुक्षिहरू छन् ।

याज्ञवल्क्यले सोधे- शिर कुन हो ? कुक्षि कुन हो ?

स्वयम्भू भन्नुहुन्छ,– ऋक्, यजु, साम र अथर्व गरी चार वेद क्रमशः प्रथम, द्वितीय, तृतीय र चतुर्थ पाद हुन् । पूर्व, पश्चिम, उत्तर, दक्षिण, ऊर्ध्व

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

र अध कुक्षि हुन् । व्याकरण, शिक्षा, कल्प, निरुक्त र ज्योतिष पाँच शिर हुन् ।

गायत्रीमन्त्रका तीन विभाग छन् -

१. प्रणव (ॐ) २. भूर्भुवः स्वः (व्याहृति) ३. तत्सवितु . . . . . (मूल मन्त्र) ।

गायत्रीका प्रकार दुई छन् -

(१) लौकिक (२) वैदिक

लौकिक गायत्रीमा चार चरण (पाद) हुन्छन् । लौकिक गायत्री छन्दमा छ अक्षरको एक चरण हुन्छ र चार चरणका ६×४=२४ अक्षर हुन्छन् ।

वैदिक गायत्री छन्दमा आठ अक्षरका चरण हुन्छन् , यसप्रकार ८×३ =२४ अक्षर हुन्छन् ।

गायत्री मन्त्रका अधिष्ठाता सूर्य हुन् । त्यसैले भगवान् सूर्यसँग सद्‌बुद्धिको निमित्त प्रार्थना गरिन्छ । गायत्री मन्त्रको शुद्ध उच्चारण अनिवार्य छ । अक्षरको उच्चारणको साथमा स्वर पनि मिल्नुपर्दछ । स्वर र अक्षर मन्त्रका पर्याय नै मानिन्छन् । जप यज्ञ तीन प्रकारका मानिएका छन् - उदात्त, अनुदात्त, स्वरित ।

पद, अक्षर र शब्दको स्पष्टतामा ध्यान राखी बोलीद्वारा मन्त्रको स्पष्ट उच्चारण गर्नुलाई *वाचिक जप* भन्दछन् ।

अरूले नसुन्ने गरी ओठ मात्र हल्लाई मन्द स्वरले मन्त्रको उच्चारण गर्नुलाई *उपांसु जप* भन्दछन् ।

मन, बुद्धिद्वारा मन्त्र, वर्ण, शब्द र अर्थको चिन्तन गर्नु *मानस जप* हो ।

वाचिक, उपांसु, र मानस उत्तरोत्तर उत्तम हुन्छ । २४ अक्षरको गायत्री मन्त्र भनिन्छ, तर गन्दा २३ अक्षर मात्र हुन्छ । अतः इयादि पूरणः (पिङ्गल-छन्दसूत्र ३/२) ले "इय" आदेश गरेर वरेण्यंको सट्टा वरेणीयं मानेर २४ चौबीस अक्षर मान्नुपर्दछ । अतः जप गर्दा उच्चारण उत्तिकै समय लगाएर 'वरेण्यं' गर्नुपर्दछ । *(गायत्र्युपासना, पृष्ठ २१–पं. राकेश शास्त्री)*

प्राचीन व्यवस्थाअनुसार गायत्री मन्त्रको रूप तीनै वर्णको लागि छुट्टै व्यवस्था भएको पाइन्छ ।

जस्तै -

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ब्रह्मगायत्री

ॐ भूर्भुवः स्वः तत् सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि। धियो यो नः प्रचोदयात्॥

– ऋग्वेद (शुक्लयजुर्वेद ३६ । ३)

क्षत्रियगायत्री

ॐ देव सवितः प्रसुव यज्ञं प्रसुव यज्ञपतिं भगाय। दिव्यो गन्धर्वः केतपूः केतन्नः पुनातु वाचस्पतिं वाजं नः स्वदतु स्वाहा॥

– शुक्लयजुर्वेद ९ । १

अथवा

ॐ ताᳪसवितुर्वरेण्यस्य चित्रामहा वृणे सुमतिं विश्वजन्याम्। यामस्य कण्वो अदूहत्प्रवीनाᳪसहस्रधारां पयसामहीं गाम्॥

वा

ॐ आ देवो यातु सविता सुरत्नोऽन्तरिक्षप्रावहमानो अश्वैः। हस्ते दधानोनर्या पुरुणी निवेशयञ्च प्रशुवञ्च भूमः॥

– ऋग्वेद ७ । ४५ । १

वैश्यगायत्री

ॐ विश्वारूपाणि प्रति मुञ्चते कविः प्रासाविद् भद्रं द्विपदे चतुष्पदे। विनाकमख्यत्सविता व्वरेण्योनु प्रयाणमुषसो व्विराजति॥

– शुक्लयजुर्वेद १२ । ३

गायत्री मन्त्र चारै वेदमा पाइन्छ।

यस्तै *शुक्लयजुर्वेद* ३७ । २, *ऋग्वेद शाकल- संहिता* (३ । ६२ । १०), *शुक्ल यजुर्वेद माध्यन्दिनीय संहिता* (३ । ३५ । २२ । ९, ३० । २ । ३६ । ३), *सामवेद कौथुमसंहिता उत्तरार्चिक* (१३ । ३ । ३ । १३ । ४ । ३ । १) *र अथर्ववेद शौनकसंहिता* (१९ । ७१ । १) मा पनि उल्लेख छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सन्ध्या कुन वेला गर्ने ?

सूर्य र तारागणले रहित दिन-रातको सन्धिलाई तत्त्वदर्शी मुनिहरूले सन्ध्याकाल भनेका छन् ।

जस्तै -

अहोरात्रस्य या सन्धिः सूर्यनक्षत्रवर्जिता ।
सा तु सन्ध्या समाख्याता मुनिभिस्तत्त्वदर्शिभिः ॥

– आचारभूषण ८९

बिहान सूर्योदयभन्दा दुई घण्टा पूर्वदेखि र सूर्यास्त हुनुअघिदेखि सूर्यास्त भएको एक घण्टासम्म गायत्री उपासनाको समय मानिन्छ ।

बिहान ब्रह्ममूहूर्तमा उठी स्नानादि कर्म सकी तारागण छँदै सन्ध्या गर्न बस्ने र सूर्योदय भएपछि सूर्यलाई अर्घ्य दिई समाप्त गर्नु बेश । बेलुका सूर्य छँदै आरम्भ गरी सूर्यास्त हुन लाग्दा अर्घ्य दिई समाप्त गर्नु बेश । मध्याह्नसन्ध्या मध्याह्नकालमा गर्नू ।

सन्ध्या कति बेर गर्ने ?

जति धेरै समय सन्ध्योपासना गर्न सकिन्छ, त्यति नै दीर्घ आयु, प्रज्ञा, यश, ब्रह्मवर्चस आदि प्राप्त हुन्छ ।

ऋषयो दीर्घसन्ध्यत्वाद् दीर्घमायुरवाप्नुयुः ।
प्रज्ञां यशांसि कीर्तिश्च ब्रह्मवर्चसमेव च ॥

– मनु. (सत्कर्मरत्नावलि पृ. ३११)

सन्ध्या गर्नाले के हुन्छ ?

प्रतिदिन नियमपूर्वक जो सन्ध्या गर्दछ, त्यो पापरहित भएर सनातन ब्रह्मलोकमा जान पाउँछ ।

सन्ध्यामुपासते ये तु सततं संशितव्रताः ।
विधूतपापास्ते यान्ति ब्रह्मलोकं सनातनम् ॥

– अत्रि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यो सन्ध्योपासना ब्राह्मणले मात्र गर्ने कि अरूले पनि ?

यस पृथ्वीमा जति पनि स्वकर्मरहित द्विज (ब्राह्मण, क्षत्रिय, वैश्य) छन् , तिनलाई पवित्र गर्न ब्रह्माजीले सन्ध्याको उत्पत्ति गर्नुभएको हो । रात वा दिनमा अज्ञानवश जेजति विकर्म हुन जान्छन् , ती सबै त्रिकालसन्ध्या गर्नाले नष्ट हुन्छन् । त्यसकारण ब्राह्मण, क्षत्रिय, वैश्य सबैले सन्ध्या गर्नुपर्दछ ।

सन्ध्या नगर्नाले के हुन्छ ?

द्विज (ब्राह्मण, क्षत्रिय, वैश्य आदि) मानिस भई जन्मेर पनि सन्ध्याको महत्त्व बुझ्दैन र सन्ध्या गर्न जान्दैन भने त्यो जिउँदो छँदा शूद्रसमान हुन्छ र मृत्युपछि कुकुर आदि योनिमा जन्म लिन्छ ।

– *देवीभागवत ११ । १६ । ७*

त्यस्तै *दक्षस्मृति*को २ । २७ अनुसार जो ब्राह्मण, क्षत्रिय, वैश्य सन्ध्याकर्म गर्दैन, त्यो सधैं अपवित्र हुन्छ र त्यसले गरेको कुनै पनि पुण्यकर्मको फल प्राप्त हुँदैन ।

सन्ध्याहीनोऽशुचिर्नित्य मनर्हः सर्वकर्मसु ।
यदन्यत् कुरुते कर्म न तस्य फलभाग् भवेत् ॥

सन्ध्यासमय नबिताई गरिएको सन्ध्याले इच्छानुसार फल दिने हुन्छ । समय बितेपछि गरिएको सन्ध्याकर्म त वन्ध्यासमान हुन्छ ।

स्वकाले सेविता सन्ध्या नित्यं कामदुघा भवेत् ।
अकाले सेविता सा च सन्ध्या वन्ध्या वधूरिव ॥

– *मित्रकल्प*

उसो भए सन्ध्याकाल बित्न गयो भने सन्ध्या नगरे पनि हुन्छ त ?

सन्ध्या नगर्नाले दोष लाग्ने हुँदा सन्ध्याकर्म त गर्नैपर्दछ । स्वकर्म हुँदा फलदायी नभए पनि कर्म छाड्नु हुँदैन । समयमै सन्ध्या गर्दा सूर्यलाई तीन

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अर्घ्य दिए पुग्छ भने समय बितेपछि गर्नुपर्दा चार अर्घ्य दिनुपर्दछ र थप मन्त्र पनि पढ्नुपर्दछ ।

सन्ध्या कहाँ बसी गर्ने ?

गृहेषु तत्समा सन्ध्या गोष्ठे शतगुणा स्मृता ।
नद्यां लक्षगुणा प्रोक्ता अनन्ता शिवसन्निधौ ॥

– लघुशातातपस्मृति ११४

घरमा गरिएको सन्ध्यावन्दनादि कर्मले एक, गोठमा सय र नदीकिनारमा लाख गुना तथा शिवजीको नजिकमा त अनन्त फल दिने हुन्छ ।

सन्ध्या गर्दा कुन वेला कता फर्कने ?

विहान पूर्व फर्केर जप, अर्घ्यदान गर्ने । बेलुका पूर्व वा उत्तर फर्की जप गर्ने , अर्घ्यदानमा पश्चिमाभिमुख हुनु उत्तम छ ।

जपन्नासीत सावित्रीं प्रत्यगा तारकोदयात् ।
सन्ध्यां प्राक्प्रातरेवं हि तिष्ठेदासूर्यदर्शनात् ॥

– याज्ञवल्क्यस्मृति (आचाराध्याय २४ । २५)

गृहस्थ र ब्रह्मचारीले जप गर्दा मन्त्रको अन्तमा ॐ लगाउनु हुँदैन । लगाएमा मन्त्रसिद्धि हुँदैन ।

– याज्ञवल्क्यस्मृति

चतुष्षष्ठिकला विद्या सकलैश्वर्यसिद्धिदा ।
जपारम्भे च हृदयं जपान्ते कवचं पठेत् ॥

जप गर्नुअघि 'गायत्रीहृदय' र पछि 'गायत्रीकवच' पाठ गर्नू , चौसट्ठी कलाले युक्त विद्या र सम्पूर्ण ऐश्वर्यको सिद्धि दिने हुन्छ । विधिपूर्वक स्नान गरिसकेपछि दुई वस्त्र धारण गर्नुपर्दछ । धोती, उपर्ना र काँधमा रुमाल राखी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शुद्ध आसनमा वस्नू , पूर्व, ईशान वा पूर्वमुख गर्नू । आसनको ग्रन्थि उत्तर-दक्षिण पार्नू । तुलसी वा रुद्राक्षको माला लगाउनू , दुवै साहिंली औंलामा कुशको औंठी लगाउनू (सुन वा चाँदीको औंठी भए पनि हुन्छ) । आसन धेरै अग्लो वा होचो हुनु हुँदैन ।

वंशासने तु दारिद्र्यं पाषाणे व्याधिसम्भवः ।
धरण्यां दुःखसम्भूतिर्दौर्भाग्यं छिद्रिदारुजे ॥
तृणे धनयशोहानिः पल्लवे चित्तविभ्रमः ।

जप वा पूजा गर्न वस्दा कुश, कम्वल, मृगको छाला र रेशमी आसन असल मानिएको छ । तर पुत्रवान् गृहस्थले मृगको छालामा नवस्नू पनि भनिएको छ । बाँसको आसनमा वसी जप गर्ने दरिद्र हुन्छ । ढुङ्गा, इँटामा वसी जप गर्ने रोगी हुन्छ । खाली भूमिमा वस्ने दुःखी, छिद्र भएको काठको पिर्का आदिमा वसेर जप गर्ने अभागी हुन्छ । त्यस्तै घाँसमा वस्नेको धन र यशको हानि तथा स्याउलामा वस्नेको चित्तविभ्रम हुन्छ ।

पानीमा बसेर, चिसो लुगा लगाएर, घुँडावाहिर हात राखेर, गोडाले गोडा थिचेर, हातले हात थिचेर, एकाग्र चित्त नभई, अर्कालाई सुनाएर, हाँसेर, दायाँवायाँ हेरेर, वोलेर, जम्मै शरीर ढाकेर जप गर्नु हुँदैन । चाण्डाल र पतित जनलाई देखियो भने आचमन गर्नुपर्दछ ।

– *व्यासवचन*

जान्नैपर्ने कुरा

पिएर, सन्ध्या गरेर वा गोडा धोएर वाँकी रहेको पानी कुक्कुरको मूत्र-समान हुन्छ । त्यो पानी पियो भने चान्द्रायण व्रत गरेपछि मात्र शुद्ध हुन्छ । त्यसैले त्यो पानी फालिदिनू ।

पादशेषं पीतशेषं सन्ध्याशेषं तथैव च ।
शुनो मूत्रसमं तोयं पीत्वा चान्द्रायणं चरेत् ॥

– *नित्यकर्मपूजाप्रकाश, पृ. ५२*

❋❋❋

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ प्रयोग:

हात-गोडा धोई, कुल्ला गरी आसनमा गई बस्नू र सर्वप्रथम आचमन गर्नू । आचमन गर्दा देब्रेतर्फ मुख फर्काउनुपर्दछ । जलपात्रबाट आचमनीले पानी झिकी दाहिने हातको हत्केलामा राख्नू र ब्रह्मतीर्थ (हत्केला र नाडीको जोर्नी जसलाई मणिबन्ध पनि भन्दछन्) मुखमा लगाई पानी खानुपर्दछ । आचमन गर्दा ब्राह्मणले हृदयसम्म, क्षत्रियले घाँटीसम्म र वैश्यले तालुसम्म पुग्ने गरी तथा शूद्र र आइमाईले जिभ्रो मात्र भिज्ने गरी गर्नुपर्दछ ।

आचमन तीनपटक

ॐ केशवाय नम:

ॐ नारायणाय नम:

ॐ माधवाय नम:

अनि *ॐ गोविन्दाय नम:* भनेर हात धुनू ।

हातमा पानी लिई शिरमाथि घुमाई पानी छर्कंदै भन्नू - *ॐ नमो भगवते वासुदेवाय ।* मन्त्र पढ्दै शिखाबन्धन गर्नू (टुप्पीमा पवित्र गाँठो पार्ने)

ॐ चिद्रूपिणि महामाये दिव्यतेजसमन्विते ।
तिष्ठ देवि शिखामध्ये तेजोवृद्धिं कुरुष्व मे ॥

टुप्पी छोटो भए सो मन्त्र पढी कुशको टुक्रा टुप्पीमा राख्ने ।

तिलक-धारण

तिलक लगाउँदा गङ्गामृत्तिका वा गोपीचन्दनले ऊर्ध्वपुण्ड्र (ठाडो टीका) भस्मले त्रिपुण्ड्र (तीनधर्के तेर्सो टीका) लगाउनुपर्दछ । तर श्रीखण्ड चन्दन भए दुवै प्रकारको टीका लगाउन सकिन्छ । आफ्नो परम्परा वा गुरुले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सिकाएअनुसार गर्नू । तर आफ्नो लागि चन्दन घोटिंदैन, भगवान्‌को लागि घोटिन्छ । त्यसकारण पहिले आफ्ना इष्ट देव वा देवीको ध्यान गर्नू । यहाँ गायत्रीजप गर्न बसेको हुनाले गायत्रीकै रूपको ध्यान गर्नू ।

ध्यान

रातो वर्ण भएकी, रातो वस्त्र लगाएकी, रातो कमलको फूलमा वसेकी र मोती, मुगा, सुन, नीर र धवल रङ्गको ज्योति झल्कने पाँच शिर छन् । पाँचै शिरमा चन्द्राकार रत्नजडित तत्त्वार्थवर्णले युक्त भएको मुकुट छ । (देब्रेतर्फ क्रमशः तलदेखि माथिसम्म) हात- (१) घुँडामा राखी हत्केला देखाएको (२) पाश लिएको (३) अङ्कुश लिएको (४) वन्चरो लिएको (५) शङ्ख लिएको र (दाहिनेतर्फ माथिदेखि तलसम्म क्रमशः) चक्र, रक्तकमल, सेतो कपालपात्र, गदा लिएकी सवै हात वाजु बालाले युक्त भएकी, प्रसन्न मुद्रामा झललल झल्केकी मूलगायत्रीको स्वरूप एकाग्र मनले चिन्तन गरी सूर्य-मण्डलमा ध्यान गर्नू ।

मुक्ता विद्रुमहेमनीलधवलच्छायैर्मुखैस्त्रीक्षणै-
र्युक्तामिन्दुकलानिबद्धरत्नमुकुटां तत्त्वार्थवर्णात्मिकाम् ।
गायत्रीं वरदाभयाङ्कुशकरां शुभ्रं कपालं गदां
शङ्खं चक्रमथारविन्दयुगलं हस्तैर्वहन्तीं भजे ।

सूर्यमण्डलकी गायत्रीको स्वरूपवाट ज्योति आइरहेको र आफ्नो शरीरमा प्रवेश गरेको सम्झने ।

मन अन्त नगएसम्म यस्तो ध्यान गर्नू , मन विचलित हुन थालेपछि त्यस स्वरूपवाट एक ज्योति आई आफ्नो शरीरभित्र प्रवेश गरेको अनुभव गर्ने । यसरी आफ्नो शरीर पनि देवीमय भयो भन्ने सम्झी, पूजाथालीवाट अलिकति चन्दन झिकी आफ्नो देब्रे हातको हत्केलामा राखी दाहिने हातको साहिंली औंलाको टुप्पाले सूर्यमण्डलतर्फ तीनपटक छर्कदै भन्नू - **ॐ सूर्याय नमः । ॐ गायत्र्यै नमः ।** अव गायत्रीको निधार सम्झी आफ्नो निधारमा कुलाचारअनुसार टीका लगाउनू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसरी *देवो भूत्वा देवं यजेत्* भनिएअनुसार आफ्नो शरीर पनि देवीमय गराउने ।

त्यसपछि अर्घ्यस्थापना

ॐ अर्घ्यपात्राय नमः भन्दै अर्घ्यमा कुश, दूबो, जल, चन्दन, अक्षता, जौ, तिल, फूल, तुलसीपत्र र केरा वा कुनै सिङ्गो फल पनि राखी आकाशतर्फ हेरी अङ्कुशमुद्रा बनाई अर्घ्यमाथि हात राखी पढ्नू -

ॐ गङ्गे च यमुने चैव गोदावरि सरस्वति ।
नर्मदे सिन्धुकावेरी जलेऽस्मिन् सन्निधिं कुरु ॥

यसपछि धेनुमुद्रा, मत्स्यमुद्रा, र कूर्ममुद्रा देखाउनू । यी मुद्रा बारे पृष्ठ ३१-३२ मा हेर्नू ।

चन्दन, अक्षता, फूल हातमा लिई तलको मन्त्र पढ्दै आफ्नो आसन-माथि राख्ने ।

ॐ कमलासनाय नमः ।
ॐ स्थिरासनाय नमः ।

सुखासनमा बस्ने । दाहिने हत्केलामा पानी लिई तलको मन्त्र पढ्नू

ॐ अपवित्रः पवित्रो वेत्यस्य वामदेव ऋषिर्विष्णुर्देवता, गायत्री छन्दो हृदि पवित्रकरणे विनियोगः ।

पानी भूमिमा छाड्नू । कर्मपात्र बनाउनू (गुरुले सिकाइदिनू) । तीन टुक्रा कुश र पानी लिएर आफ्नो शरीर र पूजासामानमा र वरिपरि सर्वैतिर छर्कंदै पढ्नू -

ॐ अपवित्रः पवित्रो वा सर्वावस्थां गतोऽपि वा ।
यः स्मरेत् पुण्डरीकाक्षं स वाह्याभ्यन्तरः शुचिः ॥

हातमा पानी लिई तलको मन्त्र पढेर छाडिदिने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ॐ पृथ्वीति मन्त्रस्य मेरुपृष्ठ ऋषिः सुतलं छन्दः कूर्मो देवता आसन-पवित्रकरणे विनियोगः ।

मन्त्र पढ्दै आसनमा पानी छर्कनू ।

ॐ पृथ्वि त्वया धृता लोका देवि त्वं विष्णुना धृता ।
त्वं च धारय मां देवि पवित्रं कुरु चासनम् ॥

मेरुदण्ड सीधा राखी सुखासनमा बसेर हातमा कुश, जौ, तिल र जल लिएर सङ्कल्प पढ्नू -

हरि ॐ तत्सत् ॐ तत्सद् विष्णुर्विष्णुर्विष्णुः अद्य श्रीमद्भगवतो ब्रह्मणोऽह्नि द्वितीयपरार्द्धे श्रीश्वेतवाराहकल्पे वैवस्वतमन्वन्तरेऽष्टाविंशतितमे कलियुगे कलिप्रथमचरणे जम्बुद्वीपे नेपालदेशे . . . . स्थाने . . . नामसंवत्सरे . . . . ऋतौ . . . . . . मासे . . . . . पक्षे . . . . . तिथौ . . . . वासरे . . . . . . राशिस्थिते सूर्ये . . . . . स्थिते देवगुरौ . . . . . स्थिते चन्द्रे अन्येषु ग्रहेषु यथायथास्थानस्थितेषु सत्सु एवं सकलग्रहगणविशेषणविशिष्टायाम् . . . तिथौ गोत्रोत्पन्न . . . . . प्रवर शाखान्तर्गतः शर्मा/वर्मा/गुप्तोऽहं मम अद्योपान्तदुरितक्षयपूर्वकं श्रीपरमेश्वरप्रीत्यर्थं सन्ध्योपासनं तथा गायत्रीजपमहं करिष्ये ।

हातको पानी छाडिदिनू ।

आचमनको विनियोगमन्त्र

विनियोगमन्त्र हातमा पानी लिएर वा त्यसै हात जोडेर पढे पनि हुन्छ ।

ॐ ऋतं चेति मधुच्छन्दसोऽघमर्षण ऋषिरनुष्टुप् छन्दो भाववृत्तो देवता अपामुपस्पर्शने विनियोगः ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तलको मन्त्र पढी आचमन गर्ने –

ॐ ऋतं च सत्यं चाभीद्धात्तपसोऽध्यजायत । ततो रात्र्यजायत ततः समुद्रो अर्णवः ॥ समुद्रादर्णवादधि संवत्सरो अजायत । अहोरात्राणि विदधद्विश्वस्य मिषतो वशी ॥ सूर्याचन्द्रमसौ धाता यथा पूर्वमकल्पयत् । दिवं च पृथिवीं चान्तरिक्षमथो स्वः ॥ *(एक बार आचमन गरे पुग्छ ।)*

– *ऋग्वेद १० । १९० । १*

यसपछि दाहिने हातमा पानी लिएर देब्रे हातले ढाक्ने र तीनवार प्रणवसहित गायत्रीमन्त्र पढेर आफ्नो रक्षाको लागि आफ्नो चारैतिर पानीको धारा लगाउने ।

मन्त्र

ॐ भूर्भुवः स्वः तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि ।
धियो यो नः प्रचोदयात् ।

❋ ❋ ❋

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्राणायामः

प्राणायामको विनियोगमन्त्र

१) ॐकारस्य ब्रह्मा ऋषिर्दैवी गायत्री छन्दः अग्निः परमात्मा देवता शुक्लो वर्णः सर्वकर्मारम्भे विनियोगः ।

२) ॐ सप्तव्याहृतीनां विश्वामित्रजमदग्निभरद्वाजगौतमात्रिवसिष्ठकश्यपा ऋषयो गायत्र्युष्णिगनुष्टुब्बृहतीपङ्क्तित्रिष्टुब्जगत्यश्छन्दांस्यग्निवाय्वादित्यबृहस्पतिवरुणेन्द्रविश्वेदेवा देवता अनादिष्टप्रायश्चित्ते प्राणायामे विनियोगः ।

३) ॐ तत्सवितुरिति विश्वामित्र ऋषिर्गायत्री छन्दः सविता देवता प्राणायामे विनियोगः ।

४) ॐ आपोज्योतिरिति शिरसः प्रजापतिऋषिर्यजुश्छन्दो ब्रह्माग्निवायुसूर्या देवताः प्राणायामे विनियोगः ।

प्राणायामको मन्त्र

तल लेखिएको मन्त्र पढ्दै आँखा चिम्लेर तीनपटक प्राणायाम गर्नुपर्दछ । तर पहिले एकपटक अभ्यास गर्नू । गुरुको सन्निधिमा गर्नु (सिक्नु) वेश हुन्छ ।

ॐ भूः ॐ भुवः ॐ स्वः ॐ महः ॐ जनः ॐ तपः ॐ सत्यम् । ॐ तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि । धियो यो नः प्रचोदयात् । ॐ आपोज्योती रसोऽमृतं ब्रह्म भूर्भुवः स्वरोम् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्राणायाम – विधि

न प्राणेनाप्यपानेन वेगाद् वायुं समुच्छ्वसेत् ।
येन सक्तून् करस्थांश्च निःश्वासौ नैव चालयेत् ॥

सास लिने छोड्ने गर्दा हत्केलामा भएको सत्तु पनि नउड्ने गरी बिस्तारै गर्नुपर्दछ ।

१. पूरक, २. कुम्भक र ३. रेचक ।



पूरक र रेचकमा उत्तिकै समय लगाउनू । प्रारम्भमा कुम्भकमा त्यसको आधा समय लगाउनु बेश हुन्छ ।

१) नाकको दाहिने पोहरा दाहिने हातको बूढी औंलाले थिची वायाँ प्वालबाट बिस्तारै श्वास तान्नुलाई 'पूरक प्राणायाम' भन्दछन् । पूरक प्राणायाम

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गर्दा माथिको मन्त्र पढ्दै नाभिस्थानमा नीलकमलको दल जस्तै नीलवर्ण भएका चतुर्भुज भगवान् विष्णुको ध्यान गर्नू ।

२) सास तान्न नसक्ने भएपछि साहिंली र कान्छी औंलाले देब्रे पोहराको प्वाल पनि बन्द गरी अघिको पूरा मन्त्र जप्नू । यसलाई 'कुम्भक' भन्दछन् । यसवखत कमलको फूलमा बसेका रातो वर्ण भएका चतुर्मुख ब्रह्माको ध्यान आफ्नो हृदयस्थानमा गर्नू ।

३) बूढी औंला दाहिने पोहराबाट हटाई बिस्तारै श्वास छाड्नुलाई 'रेचक' भन्दछन् । यसबखत आफ्नो निधारमा सेतो वर्ण भएका शङ्करको ध्यान गर्नू ।

– देवीभागवत ११ । १६ । २८-३६

आचमन गर्ने विनियोगमन्त्र

सूर्यश्च मा मन्युश्च मन्युपतयश्च मन्युकृतेभ्यः पापेभ्यो रक्षन्ताम् । यद्रात्र्या पापमकार्षं मनसा वाचा हस्ताभ्यां पद्भ्यामुदरेण शिश्ना रात्रिस्तदवलुम्पतु । यत्किञ्चिद् दुरितं मयि इदमहमापोऽमृतयोनौ सूर्ये ज्योतिषि जुहोमि स्वाहा ।

– तैत्तिरीयारण्यक प्र. व. अ. २५

मार्जनविनियोग-मन्त्र

ॐ आपो हिष्ठेत्यादीत्यृचस्य सिन्धुद्वीप ऋषिर्गायत्री छन्द आपो देवता मार्जने विनियोगः ।

देब्रे हातमा पानी लिएर तल लेखिएको मन्त्र पढ्दै कुशको टुक्राले वा दाहिने हातको तीन औंलाले आफ्नो शिरमा ७ पटक अनि आठौं मन्त्रले भूमिमा १ पटक र नवौं मन्त्रले फेरि शिरमा सेचन गर्नू ।

ॐ आपोहिष्ठा मयो भुवः ।
ॐ ता न ऊर्जे दधातन ।
ॐ महेरणाय चक्षसे ।
ॐ यो वः शिवतमो रसः ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ॐ तस्य भाजयते हनः ।
ॐ उशतीरिव मातरः ।
ॐ तस्मा अरङ्गमामवः ।
ॐ यस्य क्षयाय जिन्वथ । (भूमिमा छर्कने)
ॐ आपो जनयथा च नः । (शिरमा छर्कने)

– यजुर्वेद ११ । ५०-५२

फेरि शिरमा जल छर्कने विनियोगमन्त्र

द्रुपदादिवेत्यस्य कोकिलराजपुत्र ऋषिरनुष्टुप् छन्दः आपो देवता शिरस्येके विनियोगः ।

देब्रे हातमा पानी लिएर दाहिने हातले ढाकी तलको मन्त्र पढी आफ्नो शिरमा छर्कने ।

ॐ द्रुपदादिव मुमुचानः स्विन्नः स्नातो मलादिव ।
पूतं पवित्रेणेवाज्यमापः शुन्धन्तु मैनसः ॥

– यजुर्वेद २० । २०

अब अघमर्षण गर्ने

दाहिने हातमा पानी लिएर नाकको टुप्पानजिक हात राखी तल लेखिएको मन्त्र पढ्दै ध्यान गर्नू । शरीरभित्र रहेको समस्त पाप दाहिने नाकको पोहराबाट निस्केर हातको पानीमा आयो भन्ने सम्झी त्यो पानी नहेरीकन आफ्नो बाँयापट्टि फ्याकिदिने ।

अघमर्षण–विनियोगमन्त्र

ॐ अघमर्षण सूक्तस्याघमर्षण ऋषिरनुष्टुप् छन्दो भाववृत्तो देवता अघमर्षणे विनियोगः ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मन्त्र

ॐ ऋतञ्च सत्यं चाभीद्धात्तपसोध्यजायत । ततो रात्यजायत ततः समुद्रो अर्णवः ॥ समुद्रादर्णवादधिसंवत्सरोऽअजायत । अहोरात्राणि विदधद्विश्वस्य मिषतो वशी ॥ सूर्याचन्द्रमसौ धाता यथापूर्वकमकल्पयत् । दिवञ्च पृथिवीं चान्तरिक्षमथो स्वः ॥

– *ऋग्वेद १०।१९०। १–३*

अब आचमन गर्ने विनियोगमन्त्र

ॐ अन्तश्चरसीति तिरश्चीन ऋषिरनुष्टुप् छन्दः आपो देवता अपामुपस्पर्शने विनियोगः ।

आचमन (एकबार)

ॐ अन्तश्चरसि भूतेषु गुहायां विश्वतोमुखः ।
त्वं यज्ञस्त्वं वषट्कार आपो ज्योतीरसोऽमृतम् ॥

– *कात्यायन-परिशिष्टसूत्र*

❋❋❋

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गायत्री-जपको विधान

